टीकापुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

टीकापुर, कैलाली,

सुदूरपश्चिम प्रदेश, नेपाल

प्रथम पटक सूचना प्रकाशित मिति : २०७७/०५/१६

## १ नं. वडा कार्यालयका लागि घरभाडामा लिने सम्बन्धि सुचना I

प्रस्तुत बिषयमा टीकापुर नगरपालिका, १ नं. वडा कार्यालयलाई तपसिल बमोजिमको मापदण्ड पुरा भएको टीकापुर न.पा.वडा नं. १ को सम्पूर्ण क्षेत्रको पायक पर्ने स्थान ब्लक नं. १ र सो ब्लकसंग जोडिएका ब्लकहरुमा रहेका इच्छुक घरधनीले मिति २०७७/०५/३० गते कार्यालय समय भित्र प्रस्ताव पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो १५ दिने सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

❖ **स्थान सम्बन्धि व्यवस्था :**

१. **प्रस्ताव पेश गर्नु पर्ने ठेगाना :** टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, टीकापुर कैलाली I

२. **कार्यालयलाई आवश्यक पर्ने ठेगाना :** टीकापुर न.पा. वडा नं. १ ब्लक नं. १ र १ संग जोडिएका ब्लकहरु I (जस्तै : २,३,१४,४ , ५ र २१)

३. **पुर्वाधार सम्बन्धि विवरण :**

क. कम्तिमा ६ वटा कोठाहरु भुइतलामा उपलब्ध हुनु पर्नेछ I

ख. भाडामा लिने घरसम्म कालोपत्रे सडक पुगेको हुनु पर्नेछ I

ग. पर्याप्त मात्रा खानेपानी, शौचालय, विजुलीबत्तीको सुबिधा पुगेको हुनु पर्नेछ I

घ. इन्टरनेट सेवाको पहुच भएको हुनु पर्नेछ I

ङ. घरसंगै पार्किङ्ग र खुल्ला स्पेशको व्यवस्था भएको हुनु पर्ने I

च. पानी निकासको व्यवस्था भएको हुनु पर्नेछ I

छ. सुरक्षाको दृष्टिकोणले उपयुक्त हुनु पर्नेछ I

❖ **मापदण्ड सम्बन्धि व्यवस्था :**

४. घरको क्षेत्रफल :

क. मुख्य भवनले चर्चेको क्षेत्रफल : १८६५.०० व. फिट भन्दा कम नभएको I

ख. प्रतिक्षालय घर (Waiting Shed) ले चर्चेको क्षेत्रफल : ५९५.००. व.फिट भन्दा कम नभएको I

५. पक्की घर हुनु पर्ने I

६. नक्सा पास भएको हुनु पर्ने I

७. सेवाग्राही बस्ने बरण्डा /ओईटिङ्ग सेट भएको हुनु पर्ने I

८. पक्की सडकसंग जोडिएको हुनु पर्ने I

❖ **पेश गर्नु पर्ने कागजातहरु**

९. घरजग्गा धनीको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि I

१०. जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि I

११. घर नक्सा पासको प्रतिलिपि I

१२. चालु आ.व.को एकीकृत सम्पति कर तिरेको रसिदको प्रतिलिपि I

प्रमुख प्रशासकिय अधिकृत

❖ **घरभाडाको दर सम्बन्धि व्यवस्था :**

१३. घरभाडा (१२% घरबहाल महसुल सहित) मासिक रु. २५,०००/- मा नबढ्ने गरी कबोल गरी प्रस्ताव पेश गर्नु पर्नेछ I

१४. नियमानुसार कर कट्टी गरी भुक्तानी हुनेछ I

१५.प्रस्तावकर्ताले घरभाडा कबोल गरेको अंक उल्लेख गरी हस्त लिखित निवेदन र माथि उल्लेखित आवश्यक पर्ने कागजातहरु संलग्न राखी सिलबन्दी खाम सहित पेश गर्नु पर्नेछ I

१६. घर भाडा कबोल रकम अंक र अक्षर दुबैमा उल्लेख गर्नु पर्नेछ र अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ I

***नोट : थप जानकारीका लागि टीकापुर नगरपालिका कार्यालयको आर्थिक प्रशासन शाखामा सम्पर्क गर्नु होला I***

प्रमुख प्रशासकिय अधिकृत

.................................

मोहन प्रसाद अर्याल

प्रमुख प्रशासकीय अधिकृत